
Journey for Sustainable Development and Peace Journal ISSN: 2976-1328 (Online)
(A Peer-Reviewed, Open Access Journal) 2976-1360 (Print)
Vol 2 Issue 2 (Special Issue) Sep 2024 www.jsdp.org.np

## Book Review

# The Road to Freedom: Economics and Good Society
# (स्वतन्त्रताको बाटो : अर्थशास्त्र र राम्रो समाज)

**DOI: https://doi.org/10.3126/jsdpj.v2i2.69578**

Book Name : The Road to Freedom: Economics and Good Society
Author : Josephe Stiglitz
Published Date : 2024
Publisher : Penguin Random House
Pages : 299
Reviewer : Deepak Chaudhary




नोवेल पुरस्कार विजेता जोसेफे स्टीगलिट्चको द रोड टु फ्रिडम : इकोनोमिक्स र राम्रो समाज (The Road to Freedom: Economics and Good Society) पुस्तकमा प्रगतिशील पूँजीवादका बारे छलफल पाइन्छ । उनको विचारमा यसले मात्र समाजको हित र स्वतन्त्रतालाई प्रगाढ गर्ने छ । उनले विश्वमा कल्याणकारी समाजका लागि सुधारिएको अर्थव्यवस्थाको पक्षमा व्याख्या गरेका छन्, जसलाई प्रगतिशील पूँजीवाद भनिएको छ ।

वास्तवमा सन् ९० को दशकपछि कम्यूनिष्ट अर्थतन्त्रको समाप्तिसँगै नवउदारवाद एक मात्र विकल्पको रुपमा देखा परेको हो‍े । खुल्ला वजार यसको प्रमुख विशेषता थियो । बजार तथा बैंकिगं क्षेत्रमा नियमन गर्न हुँुदैन भन्ने मान्यता यसको मूलधारको रुपमा रहँदै आएको छ । सन् १९९७ मा पूर्वी एशियाका देशहरु थाइलैंड, इण्डोनेशिया तथा मलेशियामा देखिएको आर्थिक संकटले खुल्ला बजार व्यवस्थामाथि प्रश्नहरु तेर्सिए । त्यसपछि बजारको आवश्यक नियमन गर्नु पर्ने र सुशासनमा जोड दिनु पर्ने कुरा आयो । तर सन् २००८ मा अमेरिका तथा पश्चिमा देशमा आएको आर्थिक संकटले त्यहाँ नवउदारवाद माथि झनै प्रश्नहरु उठ्न थाले । र यस उपर गहन विचारविमर्श तथा अनुसन्धानात्मक कार्यहरु अगाडि बढाइए । यद्यपि नवउदारवादले धैरै देशहरुको आर्थिकसामाजिक अवस्थामा सुधार ल्याउन मद्त गरेका उदाहरणहरु नभएका होइनन् । जस्तो कि चीन तथा पूर्वी एशियाली देशहरु र भारतमा

नवउदारवादले त्यहाँको छट्पटाउदो अर्थतन्त्रमा संजीवनीको काम गर्यो । विश्व अर्थतन्त्रसँग जोडिएपछि बल्ल तिनले आज आर्थिक शक्तिको रुपमा आफूलाई उभ्याउन सफल भएको देखिन्छ । नेपाली समाजमा पनि यसको असर देखिएकै हो, नेपालीहरुको पहँुच विश्वव्यापी बनेको छ, सामाजिक वद्लावहरु देखिएका छन् ।

तर सन् २००० पछि नवउदारवादमाथि असमानता बढाएको तथ्यांकहरु आउन थाले । ग्राम्सीले भन्ने गरेको एकखाले पुरानो सामाजिक विचारधारा जहाँ अन्तत्वगत्वा एलिटहरु नै हावी हुने र तिनको हेजेमोनिलाई संस्थागत गर्ने प्रवृत्ति बढेको कुराहरु आएका छन् । जोसेफे पनि यसमा सहमत देखिन्छन् । यससँगै राजनीतिमा लोकप्रियवादीताले बढावा पाएका घटनाहरु विश्वव्यापी रुपमा देख्न सकिन्छ । आज स्वतन्त्रता (राजनीतिक तथा आर्थिक) मा संकुचन आएको र यसमा नया ढंगले जानु पर्ने आवाज उठेको छ ।
खुला तथा स्वतन्त्र बजारका पक्षधरहरु प्रसिद्द अर्थशास्त्रीहरु मिल्टन फिडमेन र फ्रेडनिच हायकको खुल्ला बजार सिद्दान्तले प्राथमिकता पाइरहेको सन्दर्भमा जोसेफेले आफ्नो फरक मत राख्दै नवउदारवाद अन्तर्गतको खुल्ला वजारमाथि कुनै पनि नियमन नहुँदा तथा स्वस्थ्य प्रतिस्पर्धा तर्फ उचित ध्यान दिन नसक्दा असमानता र एलिटिज्मले वढावा पाएको र यसबाट लोकप्रियवादी राजनीतिको उदय भएको ठम्याई छ । साथै यसले फासिज्मलाई निम्त्याउने आँकलन समेत छ । जोसेफेका अनुसार नवउदारवादले सबैभन्दा बढी महत्व बैंकरहरुलाई दिदै आएको छ । बैंकलाई जत्ति पनि फाइदा लिन सक्ने स्वतन्त्रता दिइयो भन्ने कुरा छ । तर त्यहीनेर बैंकले समाजलाई, गरिबलाई के कति फाइदा दिन सक्यो सकेन यसतर्फ उचित ध्यान दिने काम भएन भन्ने पनि छ । यसबाट समाजको क्षयीकरण भयो र समाजलाई फाइदा पुग्न सकेन कि भन्ने छ । वास्तवता अमेरिकी नीतिमा बैंकिगं क्षेत्रलाई नियमन गर्ने कुरा कहिल्यै प्राथमिकतामा परेको देखिदैन । तर सन् २००८ को आर्थिक मन्दीमा अमेरिकामा ठूला बैंकिगं संस्थाहरु टाट पल्टिदा सरकारले ठूलो मात्रामा आर्थिक राहत दिनु परेको र आर्थिक भार बेहोर्नु परयो । यसलाई अमेरिका कै इतिहासमा ठूलो बेलआउट गर्नु परयो ।
जोसेफेको शब्दमा भन्नु पर्दा पुँजीवादले केहीलाई (बैंकर) स्वतन्त्रता (नाफा खाने सन्दर्भमा) त दियो तर अरुले ठूलो मूल्य चुकाउनु परयो । अझ उनकै ठेठ अग्रेजी शब्दमा भन्ने हो भने ब्वासो (बैंकर) लाई मनग्य स्वतन्त्रता दिइयो, मूल्य भेडा (कामदार, साधारण लगानीकर्ता र घरगृहस्थीहरु) ले चुकाउनु परयो भन्ने छ । आज पनि एकाध प्रतिशत जनसंख्याको हातमा आधा भन्दा बढी सम्पति तथा पूँजी रहेको तथ्यागं नभएको होइन । त्यसैगरि

अमेरिकामा गोलीकाण्डको प्रसगं झिक्दै गोलीकाण्ड प्रकरणहरुले विद्यालयमा विधार्थीहरुलाई कडा सुरक्षा घेराबाट जानु पर्ने स्थिति उत्पन्न गरेको तर त्यहीनेर बन्दुक बनाउने तथा वितरण गर्नेहरुलाई स्वतन्त्रता भएको कुरा पनि छ । यसरी एकाधको स्वतन्त्रताले अर्काको स्वतन्त्रता खोस्नु हुदैन भन्ने उनको आशय बुझिन्छ । जोसेफेको भनाइमा आज अमेरिका मै असमानताको खाड्ल ठूलो देखिएको छ, बेरोजगारि बढेको छ ।

यसरी पुँजीवादका बारे प्रशस्तै टीकाटीप्पणीहरु हँुदै आएको सन्दर्भमा उनको आशय हालको पुँजीवादमा कसरी सुधार गरेर समाज कल्याणका लागि आर्थिक व्यवस्था लागू गर्ने भन्ने छ । आज विश्व राजनीतिक वृत्तमा देखिएको अनिश्चितता तथा असुरक्षा, युद्ध, जलवायु परिवर्तन र कोभिड पछिको विश्वमा सरकारको सामाजिक भूमिका अझ बढेको देखिन्छ, बुझिन्छ । केही सिमित व्यक्ति तथा समूहले मात्र स्वतन्त्रताको उपभोग गर्न पाउने र तिनका कारण अरु धैरैको स्वतन्त्रता खोसिने प्रवृत्ति खतरनाक छ । यस पुस्तकको आशय मानवीय स्वतन्त्रता, समानता तथा दिगो विकासले मात्रै पुग्दैन, नैतिकताको कुरा पनि महत्वपूर्ण छ भन्ने हो र यस सन्दर्भमा प्रतिशील पूँजीवादलाई जोडिएको देखिन्छ ।